विधेयक संख्याः

# कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउन कर्णाली प्रदेश सभाले बनाएको कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० हाल कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा रहेको पदपूर्ति प्रक्रिया, तहगत व्यवस्था, बढुवा प्रणाली, अनिवार्य अवकाश लगायतको व्यवस्थालाई थप व्यवस्थित गर्न र ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गरेको छु।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।०६।०८

## आर्थिक टिप्पणी

"कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश निजामती सेवाको कर्मचारीको समग्र व्यवस्थापन गर्ने ऐनलाई संशोधन गर्ने विधेयक भएकोले यो विधेयक ऐन बनी कार्यान्वयन हुँदा कर्णाली प्रदेश सरकारलाई वार्षिक रुपमा सामान्य व्ययभार पर्न जाने देखिन्छ। कर्णाली प्रदेश सरकारले हाल प्रदेश सरकार अन्तर्गत कार्यरत निजामती कर्मचारीलाई सेवा, सुविधा बापत आवश्यक व्ययभार व्यहोर्दै आएको सन्दर्भमा यो विधेयक ऐन बनेपछि छुट्टै शिर्षक अन्तर्गत थप व्ययभार सिर्जना गर्ने अवस्था देखिंदैन।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।०६।०८

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.सं. | विधेयकको दफा/ उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा २० को उपदफा (१) को खण्ड (ङ) | प्रदेश स्वास्थ्य सेवाको समान तहको पदमा प्रतिस्पर्धा गर्न आवश्यक योग्यता नियमावलीमा तोक्न उपयुक्त हुने। | प्रदेश स्वास्थ्य सेवाको समान तहको पदमा प्रतिस्पर्धा गर्न आवश्यक योग्यता नियमावलीमा तोकिने। | प्रदेश स्वास्थ्य सेवाको समान तहको पदमा प्रतिस्पर्धा गर्न आवश्यक योग्यता तोकिई परीक्षा सञ्चालन गर्न सहज हुने। |
| २. | दफा २७ को उपदफा (१क) | शैक्षिक योग्यता नियमावलीमा तोक्न उपयुक्त हुने। | प्रदेश स्वास्थ्य सेवा बाहेक अन्य सेवाको शैक्षिक योग्यता नियमावलीमा तोकिने। | शैक्षिक योग्यता तोकिई स्तर वृद्धि गर्न सहज हुने। |

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।०६।०८

# व्याख्यात्मक टिप्पणी

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउने उद्देश्यले तर्जुमा गरिएको कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० हाल कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा रहेका पदपूर्ति प्रक्रिया, तहगत व्यवस्था, बढुवा प्रणाली, अनिवार्य अवकाश लगायतको व्यवस्थालाई थप व्यवस्थित गर्न र ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न प्रस्तुत "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" तर्जुमा गरिएको हुँदा प्रचलित ऐनमा भएको व्यवस्थाभन्दा उल्लेखनीय व्यवस्था नभएकोले थप व्याख्या गर्नु पर्ने आवश्यकता नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेको छु।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।०६।०८

# कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २ मा संशोधनः** कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) मा रहेको "सचिवालय" भन्ने शब्द पछि "आयोग" भन्ने शब्द थपिएको छ।

३. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्,-

"(१) प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछ":-

| तह | | खुला प्रतियोगित्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | तहविहीन (वनरक्षक) | १००% | - | - | - | - |
| (ख) | सहायक चौंथो | ७०% | - | १०% | - | २०% |
| (ग) | सहायक पाँचौं | ५०% | - | २५% | २५% | - |
| (घ) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | |
| (ङ) | अधिकृत सातौं | ५०% | ५% | १५% | २०% | १०% |
| (च) | अधिकृत आठौं | १०० % स्तर वृद्धि | | | | |
| (छ) | अधिकृत आठौं (कृषि सेवाको पशु चिकित्सक) | १००% | - | - | - | - |
| (ज) | अधिकृत नवौं | १०% | १०% | ३५% | ३५% | १०% |
| (झ) | अधिकृत नवौं (कृषि सेवाको पशु चिकित्सक) | २०% | १०% | ३५% | ३५% | - |
| (ञ) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | |
| (ट) | अधिकृत एघारौं | - | - | २० % | ८० % | - |

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ":-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमता को मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | सहायक चौंथो | १००% | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६५% | १०% | १५% | - | १०% |
| (ग) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | |
| (घ) | अधिकृत सातौं | ५०% | १०% | २०% | १०% | १०% |
| (ङ) | अधिकृत आठौं (चिकित्सक बाहेक) | १०० % स्तर वृद्धि | | | | |
| (च) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |
| (छ) | अधिकृत नवौं तह | २०% | १०% | ३०% | ३०% | १० % |
| (ज) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | |
| (झ) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(२) उपदफा (८) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) "एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि" भन्नाले अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर सातौं वा आठौं तह वा अधिकृतस्तर सातौं र आठौं तहको सेवा अवधि र अधिकृतस्तर सातौं तहको लागि सहायकस्तर पाँचौं तह वा अधिकृतस्तर छैठौं तह वा सहायकस्तर पाँचौं र अधिकृतस्तर छैठौं तहको सेवा अवधि सम्झनु पर्छ।"

(३) उपदफा (९) को खण्ड (क) मा रहेका "प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका" भन्ने शब्दहरुको सट्टा "प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा, प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (१०) मा रहेका "नेपाल विविध सेवाका कर्मचारी" भन्ने शब्दहरु पछि "र प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका कर्मचारी" भन्ने शब्दहरु थपिएका छन्।

(५) उपदफा (११) पछि देहायका उपदफा (११क) र (११ख) थपिएका छन्-

"(११क) समायोजन ऐन बमोजिम प्रदेशमा चौंथो तहमा समायोजन भएका कर्मचारीलाई यो उपदफा प्रारम्भ हुँदाका बखत सहायकस्तर चौंथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र पाँच वर्ष सेवा अवधि पुगेको भए एकपटकको लागि अख्तियारवालाले

सहायकस्तर पाँचौं तह कायम गरिदिनेछ। त्यसरी कायम हुने तहको दरबन्दी स्वतः सिर्जना हुनेछ र साबिकको दरबन्दी स्वतः खारेज हुनेछ।

(११ख) उपदफा (११क) बमोजिम तह कायम गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।"

(६) उपदफा (१२) मा रहेका "सहायक कम्प्युटर अपरेटर" भन्ने शब्दहरुको सट्टा "सहायक कम्प्युटर अपरेटर, भिडियो ग्राफर, माइक सञ्चालक तथा रेकर्डिङ्ग अपरेटर" भन्ने शब्दहरु राखिएका छन्।

(७) उपदफा (१४) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) सङ्घीय नेपाल स्वास्थ्य सेवा सम्बन्धी कानून बमोजिम चौथो र पाँचौं तहमा शुरु नियुक्ति भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन हुँदा क्रमशः छैटौं र सातौं तहमा समायोजन भएका कर्मचारीको पद रिक्त भएमा क्रमशः चौथो र पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।"

४. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम पदपूर्ति गर्ने प्रयोजनको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु समुदायको विवरण प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारुलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।"

५. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (१) को खण्ड (ङ) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रदेश स्वास्थ्य सेवाको समान तहको पदमा तोकिए बमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न सक्नेछ।"

६. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (४) र (६) मा रहेका "प्रदेश लोक सेवा आयोगको सहमतिमा" भन्ने शब्दहरु झिकिएका छन्।

७. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. <u>कायम मुकायम र निमित्तः</u> (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) देहायका पदमा देहयका अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछः-

(क) विभागीय प्रमुखको पदमा प्रदेश सरकार,

(ख) अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिव,

(ग) अधिकृतस्तर आठौं र सातौं तहको पदमा सम्बन्धित विभागीय प्रमुख।

(३) उपदफा (१) र (२) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिएकोमा

त्यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(५) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।

(६) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

(७) कार्यालय प्रमुखको पद रिक्त भई तत्काल त्यस्तो पदमा पदपूर्ति हुन नसक्ने अवस्था भएमा मन्त्रालयले निमित्त कार्यालय प्रमुखलाई आर्थिक अधिकार प्रयोग गर्न पाउने गरी निर्णय गर्न सक्नेछ।"

८. मूल ऐनमा दफा २३क. थपः मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. कार्यालय प्रमुखको अधिकार प्रयोग गर्नेः (१) कुनै कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिको लागि अनुपस्थित भएमा निज मातहतको दरबन्दी वा रिक्त दरबन्दीमा काजमा खटिएको कर्मचारीमध्ये निकटतम ज्येष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

(२) रिक्त रहेको कुनै कार्यालयको प्रमुखको पदमा हालवाला नियुक्त वा सरुवा नभएसम्मको अवधिको लागि उपनियम (१) बमोजिमको ज्येष्ठ कर्मचारीले सो कार्यालयको नगदी मौज्दात, कार्यालयको छाप, कागजपत्र र दैनिक काम चलाउनका लागि चाहिने जिन्सी जिम्मा लिई कार्यालय प्रमुखको काम अर्को व्यवस्था नभएसम्म निमित्त भई गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवस्था परी काम गरेको व्यहोरा त्यस्तो निमित्त भई काम गर्ने निजामती कर्मचारीले आफूभन्दा माथिल्लो तहमा सूचना गर्नु पर्नेछ।

(४) कुनै निजामती कर्मचारीले कुनै पदमा कायम मुकायम भई काम गरेको वा उपनियम (१) वा (२) बमोजिम निमित्त भई काम गरेकोमा त्यस पदमा काम गरेको अवधिको बही (हिसाब) बुझाउने कुरामा निजको उत्तरदायित्व हुनेछ।

तर वर्षभरको बही बुझाउनु पर्नेमा हालवालाको बहाली गरिसकेको वर्षको हालवालाले र हालवालाले बहाल नगरेको वर्षको कायम मुकायम वा निमित्त भई काम गर्नेले बुझाउनु पर्नेछ।"

९. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (१) को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (च) मा रहेका "लेखा समूहका कर्मचारीको" भन्ने शब्दहरुको सट्टा "लेखा समूहको आठौं तहसम्मका कर्मचारीको" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (छ) मा रहेको "दशौं तहसम्मका" भन्ने शब्दहरुको सट्टा "आठौं तहसम्मका" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही दफाको उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि हुने पदमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको तहमा पाँच वर्ष सेवा अवधि पूरा भएको, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र उपदफा (१क) बमोजिमको शैक्षिक योग्यता भएको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम स्तर वृद्धि हुन प्रदेश स्वास्थ्य सेवा बाहेक अन्य सेवाको लागि स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता र प्रदेश स्वास्थ्य सेवाको लागि सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोके बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ।"

११. **मूल ऐनको दफा २८ मा संशोधनः** मूल ऐनको दफा २८ को उपदफा (३) मा रहेका "उपदफा (१) र (२) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (४) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

१२. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको तल्लो पदमा सेवाकालीन तालिम लिएको, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृतस्तर एघारौं | अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृतस्तर नवौं | अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक |

| | | | |
|---|---|---|---|
| | | | योग्यता |
| अधिकृतस्तर सातौं | अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर पाँचौं | सहायकस्तर चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर चौथो | तहविहीन तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | - |

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा र नवौं तहको पदका लागि सातौं वा आठौं तहमा तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम, थारु, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ।"

१३. <u>मूल ऐनको दफा ३० मा संशोधनः</u> मूल ऐनको दफा ३० मा रहेका "दफा २९" भन्ने शब्दहरुको सट्टा "दफा २७ र २९" भन्ने शब्दहरु राखी सोही दफाको खण्ड (छ) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारी स्तर वृद्धिको लागि एक पटक तथा बढुवाको लागि एक पटक र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।"

१४. <u>मूल ऐनको दफा ३३ मा संशोधनः</u> मूल ऐनको दफा ३३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) बढुवा समितिले कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गरेको कर्मचारीलाई सबैभन्दा पहिले सिफारिस गर्नु पर्नेछ।

तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुवा सिफारिस गर्नु पर्नेछ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारणको आधार दफा ३२ को उपदफा (२) बमोजिम हुनेछ।"

१५. **<u>मूल ऐनको दफा ३६ मा संशोधनः</u>** मूल ऐनको दफा ३६ को दफा शिर्षकमा रहेको "विभाजन" भन्ने शब्दको सट्टा "अङ्क" भन्ने शब्द राखी सोही दफाको उपदफा (१) मा रहेको "पदमा" भन्ने शब्द झिकिएको छ।

१६. **<u>मूल ऐनको दफा ४८ मा संशोधनः</u>** मूल ऐनको दफा ४८ को उपदफा (३) झिकिएको छ।

१७. **<u>मूल ऐनको दफा ५५ मा संशोधनः</u>** मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

"**५५. <u>अनिवार्य अवकाश</u>**ः (१) प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।

तर सचिवको हकमा निजको उमेर साठी वर्ष पुग्नुभन्दा अगाडि सचिवको लागि तोकिएको कार्यकालको अवधि सकिएमा निजले स्वतः अनिवार्य अवकाश पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको अनिवार्य अवकाशको उमेर संघीय निजामती सेवाको कर्मचारी सरह र नेपाल स्वास्थ्य सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको अनिवार्य अवकाशको उमेर नेपाल स्वास्थ्य सेवाको कर्मचारी सरह हुनेछ।"

१८. **<u>मूल ऐनको दफा ६१ मा संशोधनः</u>** मूल ऐनको दफा ६१ को उपदफा (५) मा रहेका "नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा रही समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन्।

१९. **<u>मूल ऐनको दफा ६४ मा संशोधनः</u>** मूल ऐनको दफा ६४ को उपदफा (२) मा रहेका "निवृत्तभरण उपलब्ध गराउने" भन्ने शब्दहरुको सट्टा "निवृत्तभरण, उपदान लगायतका सुविधा उपलब्ध गराउने" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>मूल ऐनको दफा ६८ मा संशोधनः</u>** मूल ऐनको दफा ६८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधिभन्दा अघिदेखि सङ्घीय निजामती सेवामा बहाल रही समायोजन ऐन बमोजिम सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भए निजको हकमा यो दफा लागू हुने छैन।"

२१. **<u>मूल ऐनको दफा ७५ मा संशोधनः</u>** मूल ऐनको दफा ७५ को उपदफा (५) मा रहेका "पूर्व स्वीकृति नलिई" भन्ने शब्दहरुको सट्टा "पूर्व स्वीकृति लिई" भन्ने शब्दहरु राखिएका छन्।

२२. **<u>मूल ऐनको दफा ११४ मा संशोधनः</u>** मूल ऐनको दफा ११४ मा रहेका "अन्य प्रदेशको निजामती सेवा" भन्ने शब्दहरुको सट्टा "जुनसुकै प्रदेशको निजामती सेवा" भन्ने शब्दहरु राखिएका छन्।

२३. **<u>मूल ऐनको दफा १२६ मा संशोधनः</u>** मूल ऐनको दफा १२६ को उपदफा (१) मा रहेका "प्रदेश मातहतको" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार मातहतको" भन्ने शब्दहरु राखी सोही उपदफामा

रहेका "प्रदेश निजामती सेवा अस्पताल" भन्ने शब्दहरुको सट्टा "प्रदेश निजामती कर्मचारी अस्पतालको रुपमा" भन्ने शब्दहरु राखिएका छन्।

२४. <u>मूल ऐनको दफा १२९ मा संशोधनः</u> मूल ऐनको दफा १२९ मा रहेका "अधिकृत एघारौं तह" भन्ने शब्दहरुको सट्टा "अधिकृत दशौं तह" भन्ने शब्दहरु राखिएका छन्।

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयकको

<u>तीन महले विवरण</u>

<table>
<tr><th>क्र.सं.</th><th>हालको कानूनी व्यवस्था</th><th>संशोधनको लागि प्रस्तावित कानूनी व</th></tr>
<tr><td>१.</td><td><u>दफा २ को खण्ड (ग)</u> "कार्यालय" भन्नाले प्रदेश सरकार मातहतका कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय, सचिवालय र निर्देशनालयलाई समेत जनाउँछ।</td><td><u>दफा २ मा संशोधनः</u> कर्णाली प्रदेश निजामती<br>(यसपछि "मूल ऐन" भनिएको) को दफा २ क<br>रहेको "सचिवालय" भन्ने शब्द पछि "आये<br>थपिएको छ।</td></tr>
<tr><td>२.</td><td><u>दफा ८</u><br><u>प्रदेश निजामती सेवाको पदपूर्ति</u>: (१) प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछः-
<table>
<tr><th colspan="2">तह</th><th>खुला प्रतियोगितात्मक परीक्षाद्वारा</th><th>अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा</th><th colspan="3">बढुवा</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा</th><th>कार्यक्षमताको मूल्याङ्कनद्वारा</th><th>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन द्वारा</th></tr>
<tr><td>(क)</td><td>तहविहीन (वन रक्षक)</td><td>१००%</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>(ख)</td><td>सहायक चौथो</td><td>७०%</td><td>-</td><td>२०%</td><td>-</td><td>१०%</td></tr>
<tr><td>(ग)</td><td>सहायक पाँचौं</td><td>५०%</td><td>-</td><td>-</td><td>२५%</td><td>२५%</td></tr>
<tr><td>(घ)</td><td>अधिकृत छैटौं</td><td colspan="5">१०० % स्तर वृद्धि</td></tr>
<tr><td>(ङ)</td><td>अधिकृत सातौं</td><td>५०%</td><td>५%</td><td>१०%</td><td>२०%</td><td>१५%</td></tr>
<tr><td>(च)</td><td>अधिकृत आठौं</td><td colspan="5">१०० % स्तर वृद्धि</td></tr>
<tr><td>(छ)</td><td>अधिकृत आठौं (कृषि सेवाको पशु चिकित्सक)</td><td>१००%</td><td>-</td><td>-</td><td></td><td>-</td></tr>
<tr><td>(ज)</td><td>अधिकृत नवौं</td><td>१०%</td><td>१०%</td><td>१०%</td><td>३५%</td><td>३५%</td></tr>
<tr><td>(झ)</td><td>अधिकृत नवौं (कृषि सेवाको पशु चिकित्सक)</td><td>२०%</td><td>१०%</td><td>-</td><td>३५%</td><td>३५%</td></tr>
<tr><td>(ञ)</td><td>अधिकृत दशौं</td><td colspan="5">१०० % स्तर वृद्धि</td></tr>
<tr><td>(ट)</td><td>अधिकृत एघारौं (सचिव)</td><td>-</td><td>-</td><td>-</td><td>८० %</td><td>२० %</td></tr>
</table>
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश</td><td><u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको द<br>(१) उपदफा (१) र (२) को सट्टा देहायको<br>(२) राखिएका छन्,-<br>"(१) प्रदेश निजामती सेवाको रिक्त प<br>बमोजिम गरिनेछ":-
<table>
<tr><th colspan="2">तह</th><th>खुला प्रतियोगितात्मक परीक्षाद्वारा</th><th>अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा</th><th colspan="2">ब</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा</th><th>काय ताक मूल् द्वारा</th></tr>
<tr><td>(ठ)</td><td>सहायक तेस्रो (वनरक्षक)</td><td>१००%</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>(ड)</td><td>सहायक चौथो</td><td>७०%</td><td>-</td><td>१०%</td><td></td></tr>
<tr><td>(ढ)</td><td>सहायक पाँचौं</td><td>५०%</td><td>-</td><td>२५%</td><td>२</td></tr>
<tr><td>(ण)</td><td>अधिकृत छैटौं</td><td colspan="4">१०० % स्तर वृ</td></tr>
<tr><td>(त)</td><td>अधिकृत सातौं</td><td>५०%</td><td>५%</td><td>१५%</td><td>२</td></tr>
<tr><td>(थ)</td><td>अधिकृत</td><td colspan="4">१०० % स्तर वृ</td></tr>
</table></td></tr>
</table>

स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन द्वारा |
| (क) | सहायक चौंथो | १००% | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६५% | ५% | १५% | - | १५% |
| (ग) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | |
| (घ) | अधिकृत सातौं | ५०% | - | १५% | १०% | २५% |
| (ङ) | अधिकृत आठौं (चिकित्सक बाहेक) | १०० % स्तर वृद्धि | | | | |
| (च) | अधिकृत आठौं (चिकित्सक) | १००% | | | | |
| (छ) | अधिकृत नवौं तह | २०% | १०% | १० % | ३०% | ३०% |
| (ज) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | |
| (झ) | अधिकृत एघारौं (सचिव) | - | - | - | ८०% | २०% |

(७) उपदफा (१) को खण्ड (ख) बमोजिमको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको तहविहीन पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्नेछ।

(८) उपदफा (१) को खण्ड (ङ) र (ज) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा र उपदफा (२) को खण्ड (ख), (घ) र (छ) बमोजिम आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको एक तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | आठौं | | | | |
| (द) | अधिकृत आठौं (कृषि सेवाको पशु चिकित्सक) | १००% | - | - | |
| (ध) | अधिकृत नवौं | १०% | १०% | ३५% | ३ |
| (न) | अधिकृत नवौं (कृषि सेवाको पशु चिकित्सक) | २०% | १०% | ३५% | ३ |
| (ऩ) | अधिकृत दशौं | १०० % स्तर | | | |
| (प) | अधिकृत एघारौं | - | - | २० % | ८ |

"(२) उपदफा (१) मा जुनसुकै कु

तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय

गरिनेछ":-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | |
|---|---|---|---|---|
| | | | | ज्येष्ठ र का सम्पा मूल्या द्वारा |
| (ञ) | सहायक चौंथो | १००% | - | - |
| (ट) | सहायक पाँचौं | ६५% | १०% | १५% |
| (ठ) | अधिकृत छैटौं | १० | | |
| (ड) | अधिकृत सातौं | ५०% | १०% | २० |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(क) "आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाभित्रका विभिन्न सेवा र समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।

(ख) "आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाको स्वास्थ्य सेवाभित्रका विभिन्न समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।

(१०) यो ऐन प्रारम्भ हुनु अघि समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारी प्रदेश प्रशासन सेवाको एक तह माथिको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कर्मचारी देहायको अवधिभर खुला प्रतियोगितात्मक परीक्षाद्वारा, अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा, आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन तथा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन र त्यस्ता पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउन सकिनेछ।

(१३) समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारीको पद र तहविहीन पद रिक्त भएमा त्यस्तो पद स्वतः खारेज हुनेछ र सोको जानकारी सम्बन्धित कार्यालयले प्रदेश कर्मचारी अभिलेखालयमा दिनु पर्नेछ।

तर तहविहीन वनरक्षक पद खारेज हुने छैन र त्यस्तो पदमा यस

| | | | | |
|---|---|---|---|---|
| (ढ) | अधिकृत आठौं (चिकित्सक बाहेक) | १० | | |
| (ण) | अधिकृत आठौं (चिकित्सक) | १००% | | |
| (त) | अधिकृत नवौं तह | २०% | १०% | ३० |
| (थ) | अधिकृत दशौं | १० | | |
| (द) | अधिकृत एघारौं | - | - | २ |

(२) उपदफा (८) को खण्ड (ख) पछि देह
थपिएको छः-
"(ग) "एक तह मुनिको पदमा पाँच वर्ष सेव
अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर स
वा अधिकृतस्तर सातौं र आठौं तहको
अधिकृतस्तर सातौं तहको लागि सहायकस्त
अधिकृतस्तर छैठौं तह वा सहायकस्तर पाँचौ
छैठौं तहको सेवा अवधि सम्झनु पर्छ।"
(३) उपदफा (९) को खण्ड (क) मा रहेक
सेवा र प्रदेश शिक्षा सेवाका" भन्ने शब्दह
आर्थिक योजना तथा तथ्याङ्क सेवा, प्रदेश
प्रदेश शिक्षा सेवाका" भन्ने शब्दहरु राखिए
(४) उपदफा (१०) मा रहेका "नेपाल
कर्मचारी" भन्ने शब्दहरु पछि "र प्रदेश लोक
सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका
शब्दहरु थपिएका छन्।
(५) उपदफा (११) पछि देहायका उपद
(११ख) थपिएका छन्:-
"(११क) समायोजन ऐन बमोजिम प्रदेश
समायोजन भएका कर्मचारीलाई यो उपदफा
बखत सहायकस्तर चौंथो तहको लागि आवश्
शैक्षिक योग्यता हासिल गरेको र पाँच वर्ष से
भए एकपटकको लागि अख्तियारवालाले सहाय
कायम गरिदिनेछ। त्यसरी कायम हुने तहको
सिर्जना हुनेछ र साबिकको दरबन्दी स्वतः खारे
(११ख) उपदफा (११क) बमोजिम
सम्बन्धित कर्मचारीले खाइपाई आएको तल
भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने
गरिनेछ।"
(६) उपदफा (१२) मा रहेका "सहायक क

| | | |
|---|---|---|
| | ऐन बमोजिम पदपूर्ति गरिनेछ।<br>(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवाको देहायका पद रिक्त भएमा देहाय बमोजिम पदपूर्ति गर्नु पर्नेछः-<br>(क) छैठौं तहको पद रिक्त भएमा पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(ख) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सक बाहेकका पद रिक्त भएमा सातौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(ग) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सकको पद रिक्त भएमा सोही तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(घ) दशौं तहको पद रिक्त भएमा नवौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने। | भन्ने शब्दहरुको सट्टा "सहायक कम्प्युटर<br>ग्राफर, माइक सञ्चालक तथा रेकर्डिङ्ग अपरेट<br>राखिएका छन्।<br>(७) उपदफा (१४) को खण्ड (घ) पछि देह<br>थपिएको छः-<br>"(ङ) सङ्घीय नेपाल स्वास्थ्य सेवा<br>बमोजिम चौथो र पाँचौं तहमा<br>समायोजन ऐन बमोजिम प्रदेशमा<br>क्रमशः छैटौं र सातौं तहमा<br>कर्मचारीको पद रिक्त भएमा क्रम<br>तहको पद रिक्त मानी पदपूर्ति गर्ने |
| ३. | <u>दफा ९ को उपदफा (१)</u> (१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका प्रत्येक समूहलाई तोकिएको पदमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-<br>(क) खस आर्य - पैंतालीस प्रतिशत<br>(ख) दलित - बाइस प्रतिशत<br>(ग) आदिवासी जनजाती - बाह्र प्रतिशत<br>(घ) पिछडिएको क्षेत्र - दश प्रतिशत<br>(ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) शहिद परिवार तथा बेपत्ता पारिएका व्यक्तिका परिवार - दुई प्रतिशत<br>(छ) मधेशी तथा मुस्लिम - दुई प्रतिशत<br>(ज) थारु - दुई प्रतिशत<br><u>स्पष्टीकरणः</u><br>(१) यस उपदफाको खण्ड (क) को प्रयोजनको लागि "खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्र नभएसम्मका लागि तोकिए बमोजिमभन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित | <u>**मूल ऐनको दफा ९ मा संशोधनः**</u> मूल ऐनक<br>उपदफा (१) पछि देहायको उपदफा (१क) थ<br>"(१क) उपदफा (१) बमोजिम पदपूर्ति गर्ने<br>आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका<br>आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र<br>विवरण प्रदेश सरकारले प्रदेश राजपत्रमा सूच<br>तोके बमोजिम हुनेछ।<br>तर प्रदेश राजपत्रमा सूचना प्रकाशन ग<br>लागि सम्पूर्ण खस आर्य, दलित, आदिवासी<br>तथा मुस्लिम र थारुलाई आर्थिक तथा सामाजि<br>परेको समुदाय मानिनेछ।" |

| | | |
|---|---|---|
| | स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको आर्थिक रुपले विपन्न व्यक्ति सम्झनु पर्छ।<br>(२) यस उपदफाको खण्ड (ख), (ग), (छ) र (ज) को प्रयोजनको लागि "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" लाई सम्झनु पर्छ।<br>(३) यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला र जाजरकोट जिल्ला सम्झनु पर्छ।<br>(४) यस उपदफाको खण्ड (च) को प्रयोजनको लागि,-<br>(क) "शहिद परिवार" भन्नाले नेपाल राजपत्रमा प्रकाशित शहिदका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।<br>(ख) "बेपत्ता पारिएका व्यक्तिका परिवार" भन्नाले जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा बेपत्ता पारिएका व्यक्तिका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ। | |
| ४. | <u>दफा २० को उपदफा (१) को खण्ड (ङ)</u><br>सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत नरहेको, | <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनक<br>उपदफा (१) को खण्ड (ङ) को अ<br>प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br>"तर प्रदेश स्वास्थ्य सेवाको समान तहके<br>बमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पध |

| | | |
|---|---|---|
| ५. | **दफा २१ को उपदफा (४) र (६)**<br>(४) उपदफा (३) बमोजिम प्रदेश लोक सेवा आयोगको सूचीमा कर्मचारी उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रममा रहेको सूचीबाट कर्मचारी व्यवस्थापन गर्न सकिनेछ।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएमा वा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएको वा अस्थायी सूचीमा रहेको उम्मेदवार उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम उपदफा (५) मा उल्लिखित अवधिभर सेवा करार नियुक्ति गर्न सकिनेछ। | **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनक<br>उपदफा (४) र (६) मा रहेका “प्रदेश लोक<br>सहमतिमा” भन्ने शब्दहरु झिकिएका छन्। |
| ६. | **दफा २३ कायम मुकायम र निमित्तः** (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।<br>(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।<br>(३) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।<br>(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।<br>**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि “दैनिक कार्य सञ्चालन” भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु | **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनक<br>सट्टा देहायको दफा २३ राखिएको छः-<br>“२३. **कायम मुकायम र निमित्तः** (१) वि<br>कार्यालय प्रमुखको पद रिक्त भएमा<br>बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा<br>बिदामा बसेमा, बिदा स्वीकृत नगराई<br>बढी अवधि कार्यालयमा अनुपस्थित भ<br>कानून बमोजिम निलम्बनमा रहेमा स<br>काम चलाउनको लागि समान तहको<br>सम्भाव्य उम्मेदवार भइसकेको एक त<br>सबै भन्दा वरिष्ठ निजामती कर्मचार<br>महिनाको लागि कायम मुकायम मुकर<br>(२) देहायका पदमा देहाय<br>कायम मुकायम मुकरर गर्न सक्नेछः<br>(घ) विभागीय प्रमुखको पदमा प्रदेश<br>(ङ) अधिकृतस्तर दशौं र नवौं तह<br>सचिव,<br>(च) अधिकृतस्तर आठौं र सातौ<br>सम्बन्धित विभागीय प्रमुख।<br>(३) उपदफा (१) र (२<br>पदमा कायम मुकायम मुकरर ग<br>जानकारी मुख्यमन्त्री तथा म<br>कार्यालयलाई दिनु पर्नेछ। |

| | | |
|---|---|---|
| | पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ। | (४) उपदफा (१) बमो<br>कायम मुकायम मुकरर गरिसकेपछि<br>कर्मचारीलाई पुनः सो पदमा कायम<br>गर्न सकिने छैन।<br>(५) उपदफा (१) विपरी<br>कर्मचारीलाई कायम मुकायम मुक<br>सो पदमा रहँदा खाइपाई आएको<br>अन्य सुविधा बापतको रकम कायम<br>गर्ने पदाधिकारीबाट असूल उपर गर<br>(६) कुनै कार्यालयको प्रमु<br>कार्यालयमा अनुपस्थित भएमा का<br>निजामती कर्मचारीमध्ये निकटतम्<br>निजको निमित्त जनाई दैनिक का<br>पर्नेछ।<br><u>स्पष्टीकरण</u>ः यस उपदफाको<br>"दैनिक कार्य सञ्चालन" भन्नाले आ<br>कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र<br>कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी<br>बाहेक त्यस्तो पदले दैनिक रुपमा स<br>सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।<br>(७) कार्यालय प्रमुखको पद रि<br>त्यस्तो पदमा पदपूर्ति हुन नसक्ने<br>मन्त्रालयले निमित्त कार्यालय प्रमुखलाई<br>प्रयोग गर्न पाउने गरी निर्णय गर्न सक्नेछ |
| ७. | हाल व्यवस्था नभएको। | <u>मूल ऐनमा दफा २३क. थपः</u> मूल ऐनको<br>देहायको दफा २३क. थपिएको छः-<br>"२३क. <u>कार्यालय प्रमुखको अधिकार प्रयोग</u><br>कार्यालयको प्रमुख बिरामी भई वा अ<br>छोटो अवधिको लागि अनुपस्थि<br>मातहतको दरबन्दी वा रिक्त दर<br>खटिएको कर्मचारीमध्ये निकटतम<br>निजको निमित्त जनाई दैनिक काय<br>पर्नेछ।<br>(२) रिक्त रहेको कु<br>प्रमुखको पदमा हालवाला नियु<br>नभएसम्मको अवधिको लागि<br>बमोजिमको ज्येष्ठ कर्मचारीले सो क |

| | | |
|---|---|---|
| | | मौज्दात, कार्यालयको छाप, कागजप<br>चलाउनका लागि चाहिने जिन्सी जिम्<br>प्रमुखको काम अर्को व्यवस्था नभए<br>गर्नु पर्नेछ।<br>(३) उपनियम (२) बमो<br>परी काम गरेको व्यहोरा त्यस्तो ि<br>गर्ने निजामती कर्मचारीले आफूभन्दा<br>सूचना गर्नु पर्नेछ।<br>(४) कुनै निजामती कर्मच<br>कायम मुकायम भई काम गरेको व<br>वा (२) बमोजिम निमित्त भई काम<br>पदमा काम गरेको अवधिको बही<br>कुरामा निजको उत्तरदायित्व हुनेछ।<br>तर वर्षभरको बही<br>हालवालाको बहाली गरिसकेको वर्षक<br>हालवालाले बहाल नगरेको वर्षको क<br>निमित्त भई काम गर्नेले बुझाउनु पर्ने |
| ८. | <u>दफा २४ को उपदफा (१) को खण्ड (ङ), (च) र (छ)</u><br>(ङ) कर्णाली प्रदेशको स्थानीय सेवाको कर्मचारीलाई कर्णाली प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।<br>(च) प्रदेश प्रशासन सेवा, लेखा समूहका कर्मचारीको सरुवा आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।<br>(छ) प्रदेश स्वास्थ्य सेवाको दशौं तहसम्मका कर्मचारीलाई सामाजिक विकास मन्त्रालयले सरुवा गर्नेछ। | <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनक<br>उपदफा (१) को,-<br>(१) खण्ड (ङ) झिकिएको छ।<br>(२) खण्ड (च) मा रहेका "लेखा समूहका कर्म<br>शब्दहरुको सट्टा "लेखा समूहको अ<br>कर्मचारीको" भन्ने शब्दहरु राखिएका छ<br>(३) खण्ड (छ) मा रहेको 'दशौं तहसम्मका"<br>सट्टा "आठौं तहसम्मका" भन्ने शब्दहरु र |
| ९. | <u>दफा २७ को उपदफा (१)</u><br>दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही दफाको उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि हुने पदमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको तहमा तीनवर्ष सेवा अवधि पूरा भएको, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको निजामती कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछः- | <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफ<br>छः-<br>"(१) दफा ८ को उपदफा (१) को खण्ड (<br>तह बाहेक सोही दफाको उपदफा (१) र (<br>वृद्धि हुने पदमा स्तर वृद्धि हुने तहभन्दा एक<br>पाँच वर्ष सेवा अवधि पूरा भएको, पछिल्लो<br>सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत<br>अङ्क प्राप्त गरेको र उपदफा (१क) बमो<br>योग्यता भएको कर्मचारीलाई सम्बन्धित<br>उपसमूहभित्र स्तर वृद्धि गरिनेछ।"<br>(२) उपदफा (१) पछि देहायको उपदफा (१<br>"(१क) उपदफा (१) बमोजिम स्तर वृद्धि हु |

<table>
<tr><td></td><td></td><td>सेवा बाहेक अन्य सेवाको लागि स्तर वृद्धि हु<br>तह मुनिको पदमा सेवा प्रवेशको लागि ते<br>योग्यता र प्रदेश स्वास्थ्य सेवाको लागि सङ्घी<br>सम्बन्धी कानूनले तोके बमोजिमको शैक्षि<br>पर्नेछ।”</td></tr>
<tr><td>१०.</td><td><u>दफा २८ को उपदफा (३)</u><br>उपदफा (१) र (२) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।</td><td><u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनक<br>उपदफा (३) मा रहेका “उपदफा (१) र (<br>भन्ने शब्दहरुको सट्टा “उपदफा (१) र (४) बमे<br>शब्दहरु राखिएका छन्।</td></tr>
<tr><td>११.</td><td><u>दफा २९ को उपदफा (१)</u><br>यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्म देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूगेको हुनु पर्नेछः-
<table>
<tr><th>बढुवा हुने पद</th><th>बढुवा हुन लाग्ने सेवा अवधि</th><th>न्यूनतम शैक्षिक योग्यता</th></tr>
<tr><td>अधिकृतस्तर एघारौं</td><td>अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण</td></tr>
<tr><td>अधिकृतस्तर नवौं</td><td>अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण</td></tr>
<tr><td>अधिकृतस्तर सातौं</td><td>अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण</td></tr>
<tr><td>सहायकस्तर पाँचौं</td><td>सहायकस्तर चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन)</td></tr>
</table></td><td><u>मूल ऐनको दफा २९ मा संशोधनः</u> मूल ऐनको<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफ<br>छः-<br>“(१) यस ऐनको दफा ८ को उपदफा (१)<br>जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा तथ<br>मूल्याङ्कनद्वारा बढुवा हुने पदमा बढुवाको<br>उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उ<br>पदमा सेवाकालीन तालिम लिएको, जेष्ठता र<br>मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा बढुवाको<br>उम्मेदवार हुन जति वर्षको सेवा अवधि अ<br>पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्या<br>पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र दे<br>न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको
<table>
<tr><th>बढुवा हुने पद</th><th>बढुवा हुन लाग्ने सेवा अवधि</th><th>न्यूनतम शैक्षि</th><th></th></tr>
<tr><td></td><td></td><td>प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश सेवा</td><td>प्रदे स्व</td></tr>
<tr><td>अधिकृत स्तर एघारौं</td><td>अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण</td><td>स स न्यू</td></tr>
<tr><td>अधिकृत स्तर नवौं</td><td>अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण</td><td>स स न्यू</td></tr>
<tr><td>अधिकृत स्तर सातौं</td><td>अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो</td><td>स स न्यू</td></tr>
</table></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>वा सो सरह उत्तीर्ण</td></tr>
<tr><td>सहायकस्तर चौथो</td><td>तहविहीन तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण</td></tr>
</table>
<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा, नवौं तहको पदका लागि सातौं वा आठौं तहमा र एघारौं तहको पदका लागि नवौं वा दशौं तहमा न्यूनतम तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।
</td>
<td>
<table>
<tr><td></td><td></td><td>सरह उत्तीर्ण</td><td></td></tr>
<tr><td>सहायक स्तर पाँचौं</td><td>सहायकस्तर चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण</td><td>स<br>स<br>न्</td></tr>
<tr><td>सहायक स्तर चौथो</td><td>तहविहीन तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण</td><td></td></tr>
</table>
<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि<br>सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तह<br>पाँचौं वा छैटौं तहमा र नवौं तहको पदका लागि<br>तहमा तीस कार्य दिनको सेवासँग सम्बन्धित<br>सम्झनु पर्छ।"<br>
(२) उपदफा (१) पछि देहायको<br>थपिएको छ:-<br>
"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखि<br>महिला, आदिवासी जनजाति, मधेशी तथा मुस्लि<br>अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रमा<br>भएका कर्मचारीको उल्लिखित सेवा अवधिमा ए<br>अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेद
</td>
</tr>
<tr>
<td>१२.</td>
<td><u>दफा ३०</u><br>दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि निजामती कर्मचारी स्तर वृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन:-</td>
<td><u>मूल ऐनको दफा ३० मा संशोधन:</u> मूल ऐनक<br>रहेका "दफा २९" भन्ने शब्दहरुको सट्टा "दफा २<br>शब्दहरु राखी सोही दफाको खण्ड (छ) व<br>वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वा<br>छ:-<br>"तर समायोजन ऐन बमोजिम प्रदेशमा स<br>कर्मचारी स्तर वृद्धिको लागि एक पटक तथ<br>एक पटक र सबै भौगोलिक क्षेत्रमा पद नभए<br>तहका कर्मचारी बढुवाको लागि सम्भाव्य<br>सक्नेछन्।"</td>
</tr>
<tr>
<td>१३.</td>
<td><u>दफा ३३</u><br>(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।</td>
<td><u>मूल ऐनको दफा ३३ मा संशोधन:</u> मूल ऐनक<br>उपदफा (३) पछि देहायको उपदफा (४) थपि<br>"(४) बढुवा समितिले कार्यक्षमताको<br>बढुवा सिफारिस गर्दा सबैभन्दा बढी अङ्</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | | कर्मचारीलाई सबैभन्दा पहिले सिफारिस गर्नु पर्ने<br>तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान<br>कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुव<br>पर्नेछ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारण<br>३२ को उपदफा (२) बमोजिम हुनेछ।" |
| १४. | <u>दफा ३६</u><br><u>भौगोलिक क्षेत्रको विभाजनः</u> (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहाय बमोजिमको पदमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रको वर्गमा काम गरेको अनुभव बापत अठार अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः- | <u>मूल ऐनको दफा ३६ मा संशोधनः</u> मूल ऐनको<br>दफा शिर्षकमा रहेको "विभाजन" भन्ने शब्द<br>भन्ने शब्द राखी सोही दफाको उपदफा (१) म<br>भन्ने शब्द झिकिएको छ। |
| १५. | <u>दफा ४८ को उपदफा (३)</u> निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा त्यस्तो कर्मचारीले प्रत्येक वर्षको अन्तमा सो बापत निज कार्यरत पदको शुरु तलब स्केल बराबरको रकम पाउनेछ। | <u>मूल ऐनको दफा ४८ मा संशोधनः</u> मूल ऐनको<br>उपदफा (३) झिकिएको छ। |
| १६. | <u>दफा ५५</u><br>प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।<br>तर सचिवको हकमा निजको उमेर साठी वर्ष पुग्नुभन्दा अगाडि सचिवको कार्यकालको अवधि सकिएमा स्वतः अनिवार्य अवकाश हुनेछ। | <u>मूल ऐनको दफा ५५ मा संशोधनः</u> मूल ऐनको<br>सट्टा देहायको दफा ५५ राखिएको छः-<br>"५५. <u>अनिवार्य अवकाश</u>: (१) प्रदेश नि<br>कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अ<br>पाउनेछ।<br>तर सचिवको हकमा निजको उमेर सा<br>अगाडि सचिवको लागि तोकिएको कार्यकालको<br>निजले स्वतः अनिवार्य अवकाश पाउनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखि<br>संघीय निजामती सेवाबाट समायोजन ऐन ब<br>समायोजन भएको कर्मचारीको अनिवार्य अवकाश<br>निजामती सेवाको कर्मचारी सरह र नेपाल<br>समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भ<br>अनिवार्य अवकाशको उमेर नेपाल स्वास्थ्य<br>सरह हुनेछ।" |
| १७. | <u>दफा ६१ को उपदफा (५)</u><br>सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघिदेखि नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले तीस वर्ष सेवा अवधि पूरा गरिसकेको भए स्वेच्छाले सेवाबाट अवकाश लिन सक्नेछ। | <u>मूल ऐनको दफा ६१ मा संशोधनः</u> मूल ऐनको<br>उपदफा (५) मा रहेका "निजामती सेवा वा<br>सेवामा बहाल रहेको कर्मचारीले" भन्ने शब्दहरु<br>निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा रहे |

| | | |
|---|---|---|
| | त्यसरी स्वेच्छाले सेवाबाट अवकाश लिएको कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ। | बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीले राखिएका छन्। |
| १८. | <u>दफा ६४ को उपदफा (२)</u><br>उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश कर्मचारी अभिलेखालयले सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयले निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाई दिनु पर्नेछ। | <u>**मूल ऐनको दफा ६४ मा संशोधनः**</u> मूल ऐनक उपदफा (२) मा रहेका "निवृत्तभरण उपलब्ध शब्दहरुको सट्टा "निवृत्तभरण, उपदान ल उपलब्ध गराउने" भन्ने शब्दहरु राखिएका छन |
| १९. | <u>दफा ६८ को उपदफा (२)</u><br>उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि निजामती सेवामा बहाल रहेको वा समायोजन ऐन बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवामा समायोजन भएको कर्मचारीको हकमा र त्यस्तो कर्मचारी खुला प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन। | <u>**मूल ऐनको दफा ६८ मा संशोधनः**</u> मूल ऐनक उपदफा (२) को सट्टा देहायको उपदफा (२) "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखि योगदानमूलक निवृत्तभरण सम्बन्धी सङ्घीय भएको अवधिभन्दा अघिदेखि सङ्घीय निजामत रही समायोजन ऐन बमोजिम सङ्घीय निजामत निजामती सेवा वा स्थानीय सेवामा समायोजन खुला वा अन्तर तह प्रतियोगितामा छनौट भ प्रदेश निजामती सेवामा निरन्तर रहेको भए नि दफा लागू हुने छैन।" |
| २०. | <u>दफा ७५ को उपदफा (५)</u><br>अख्तियारवालाको पूर्व स्वीकृति नलिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ। | <u>**मूल ऐनको दफा ७५ मा संशोधनः**</u> मूल ऐनक उपदफा (५) मा रहेका "पूर्व स्वीकृति नलिई" सट्टा "पूर्व स्वीकृति लिई" भन्ने शब्दहरु राखिए |
| २१. | <u>दफा ११४</u><br><u>**सेवा अवधि जोडिनेः**</u> सङ्घीय निजामती सेवा, अन्य प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्त भएको कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्धारा प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई आएमा निजले सो पदमा बहाल हुनुपूर्व गरेको सेवा अवधि निवृत्तिभरण, उपदान र बढुवाको ज्येष्ठता निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिनेछ। | <u>**मूल ऐनको दफा ११४ मा संशोधनः**</u> मूल ऐन मा रहेका "अन्य प्रदेशको निजामती सेवा" भन्ने "जुनसुकै प्रदेशको निजामती सेवा" भन्ने श छन्। |
| २२. | <u>दफा १२६ को उपदफा (१)</u><br>प्रदेश सरकारले प्रदेश सरकार मातहत कार्यरत कर्मचारी र प्रदेशमा रहेका स्थानीय तहमा कार्यरत कर्मचारी तथा प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट निवृत्त भएका कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश मातहतको अस्पताललाई प्रदेश निजामती सेवा अस्पताल तोक्न सक्नेछ। | <u>**मूल ऐनको दफा १२६ मा संशोधनः**</u> मूल ऐ को उपदफा (१) मा रहेका "प्रदेश मातह शब्दहरुको सट्टा "प्रदेश सरकार मातहतको राखी सोही उपदफामा रहेका "प्रदेश निजामती भन्ने शब्दहरुको सट्टा "प्रदेश निजामती कर्म रुपमा" भन्ने शब्दहरु राखिएका छन्। |

| | | |
|---|---|---|
| | | |
| २३. | दफा १२९. <u>नेतृत्व परीक्षणः</u> प्रदेश लोक सेवा आयोगले यस ऐन बमोजिम नियुक्ति वा बढुवा गर्दा अधिकृत एघारौं तह वा सो सरहका कर्मचारीको तोकिए बमोजिम नेतृत्व परीक्षण गर्नेछ। | **<u>मूल ऐनको दफा १२९ मा संशोधनः</u>** मूल ऐ मा रहेका "अधिकृत एघारौं तह" भन्ने "अधिकृत दशौं तह" भन्ने शब्दहरु राखिएका ह |